# मिति २०७४ साल असोज २० गतेको बैठकको प्रस्ताव एवं निर्णयहरु

## १. उपभोक्ता समिति गठन सम्बन्धमा

प्रस्ताव नं. १ उपभोक्ता समिति गठन सम्बन्धमा छलफल गर्दा गाउँपालिका तथा वडा समितिले कार्यान्वयन गर्ने १५ लाख सम्मका योजना तथा कार्यक्रम उपभोक्ता समिति मार्फत गर्ने तथा सो कार्य गर्न १५ दिन भित्र उपभोक्ता समिति गठन गरी पठाउन वडा समितिलाई पत्राचार गर्ने निर्णय गरियो । साथै तोकिएको समयमा उपभोक्ता समिति गठन भई नआएमा अन्य व्यवस्था गरी कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

## २.स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा

प्रस्ताव नं. २ स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा छलफल गर्दा नेपाल सरकार स्वास्थ्य मन्त्रालयको च.नं. १२७ मिति २०७४/०५/११ र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. २१ मिति: २०७४/०५/२१ बाट स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन स्थानीय तहले नै गर्न लेखी आएकोले यस बकैया गाउँपालिका क्षेत्र भित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईमा १५ दिन भित्र तपसिल अनुसारको स्वास्थ्य सञ्चालन समिति गठन गरी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन गर्न सम्बन्धीत स्वास्थ्य संस्था र सम्बन्धीत वडाध्यक्षलाई लेखी पठाउने निर्णय गरियो ।

तपसिल

### प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी/सामुदायिक स्वास्थ्य इकाई सञ्चालन समिती

१. गाउँ कार्यपालिकाको अध्यक्ष...................................................................................संरक्षक

२. स्वास्थ्य संस्था रहेको वडाको वडाध्यक्ष.......................................................................अध्यक्ष

३. अध्यक्षले मनोनित गरेको व्यक्ति...............................................................................उपाध्यक्ष

४. स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयको प्रमुख............................................................सदस्य

५. स्थानिय व्यापार संघका प्रतीनिधी वा व्यापारीहरु मध्येबाट -एक जना.................................सदस्य

६. संरक्षकबाट मनोनित स्थानिय लब्ध प्रतीष्ठीत एक जना महिला सहित

एक जना वडा कार्यालयको वडा सचिव गरि दुई जना.......................................................सदस्य

७. प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी/सामुायिक स्वास्थ्य इकाई प्रमुख..................सदस्य सचिव

## ३.कर दस्तुर शुल्क सम्बन्धमा

प्रस्ताव नं. ३ कर दस्तुर शुल्क सम्बन्धमा छलफल गर्दा गाउँ सभाद्वारा पारित आ.ब. ०७४/०७५ को लागी स्विकृत कर, दस्तुर तथा शुल्कहरु २०७४ कार्तिक १ देखी अनिवार्य रुपमा संकलन गर्ने निर्णय गरियो ।

## ४.वडा स्तरिय अन्तक्रिया तथा समिक्षा कार्यक्रम सम्बन्धमा

प्रस्ताव नं. ४ वडा स्तरिय अन्तक्रिया तथा समिक्षा कार्यक्रम सम्बन्धमा छलफल गर्दा गाउँ कार्यपालिका तथा वडा कार्यालयको सेवा प्रवाह सम्बन्धमा सम्बन्धीत वडामा रहेका राजनैतिक दल, संघ, संस्था, कार्यालय, विद्यालय तथा उपभोक्ता समितिका पदाधिकारीहरुबाट कम्तीमा २५ जना सम्बन्धीत वडा कार्यालयले आमन्त्रण गरी वडा स्तरमा अर्न्तक्रिया तथा समिक्षा कार्यक्रम तपसिल अनुसारको मिति, समय र

स्थानमा गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष तथा कार्यकारी अधिकृतको उपस्थीतीमा सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

| मिति | स्थान | समय | कैफियत |
|---|---|---|---|
| २०७४ असोज २८ गते शनिवार | बकैया-१, महादेवडाँडा | ११:०० बजे | |
| २०७४ असोज २९ गते आइतवार | बकैया-२, तिनभङ्गाले | ११:०० बजे | |

**५.गाउँ कार्यपालिकाको भवन निर्माण गर्ने जग्गा सम्बन्धमा**

प्रस्ताव नं. ५ गाउँ कार्यपालिकाको भवन निर्माण गर्ने जग्गा सम्बन्धमा छलफल गर्दा बकैया गाउँ कार्यपालिकाको भवन निर्माण गर्न बकैया-३ हातिसुँडे बस्ने शेरमान गोलेले विना शर्त निःशुल्क सडकले छोएको कम्तीमा १० कठ्ठा जग्गा दिन इच्छा व्यक्त गर्नु भएकोले जग्गादातालाई धन्यवाद सहित सो जग्गा स्विकार गरी गाउँ कार्यपालिकाको नाममा अविलम्ब रजिष्ट्रेसन गर्ने निर्णय गरियो ।

**६.बजेट बाँडफाँड सम्बन्धमा**

प्रस्ताव नं. ६ बजेट बाँडफाँड सम्बन्धमा छलफल गर्दा मिति २०७४ साल श्रावण २८ गते आएको अविरल बर्षातका कारण क्षति भएको खानेपानी, पेल्ट्रीक सेट तथा सडकहरु मध्ये तपसिलका संरचनाहरु तत्काल मर्मत गर्नुपर्ने आवस्यकता भएकोले सो संरचना मर्मत गर्नका लागि तपसिल अनुसारको रकम बाँडफाँड गरी भौतिक संरचना मर्मत गर्ने निर्णय गरियो ।

| सावकिमा भएको निर्णय व्यहोरा | | | | संसोधीत निर्णयको व्यहोरा | | |
|---|---|---|---|---|---|---|
| संकेत नं./विषयगत शिर्षक | क्र. सं. | कार्यक्रम/आयोजनाको नाम | विनियोजित रकम (रु. हजारमा) | क्र. सं. | कार्यक्रम/आयोजनाको नाम | बाँडफाँड रकम (रु. हजारमा) |
| २०३० खानेपानी तथा सरसफाई | ९ | ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम ( मागको आधारमा) | ३००० | १ | तिनढुङ्गे खानेपानी योजना मर्मत बकैया-२ | ४०० |
| | | | | २ | धियालडाँडा खानेपानी मर्मत बकैया-१ | २०० |
| | | | | ३ | ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम ( मागको आधारमा) भन्ने शिर्षकमा मौज्दात | २४०० |
| ५०८० अन्यन्त्र वर्गिकृत नभएको | ४ | अन्य भौतिक पूर्वाधार विकास कार्यक्रम | ९७२५ | १ | गडवान सडक मर्मत बकैया-६ | ५०० |
| | | | | २ | अम्बासलेक पेल्ट्रीक सेट मर्मत बकैया-१० | २०० |
| | | | | ३ | सेरोखोला अम्बासवेसी पेल्ट्रीकसेट मर्मत बकैया-१० | ३०० |
| | | | | ४ | देउताखोला पेल्ट्रीकसेट मर्मत बकैया-१० | १०० |
| | | | | ५ | अन्य भौतिक पूर्वाधार विकास कार्यक्रम शिर्षकमा मौज्दात | ८६२५ |
| २०६० लैगिक समानता तथा | ३ | महिला शसक्तीकरण कार्यक्रम | ५०० | १ | स्थानीय तहको संरचना, काम, कर्तव्य सम्बन्धी वडा स्तरीय अभिमुखिकरण (महिलाका लागि) | ३०० |

| सामाजिक समावेशीकरण। | | | | २ | महिला शसक्तीकरण कार्यक्रम | २०० |
|---|---|---|---|---|---|---|

## ७.विनियोजन ऐनमा भएका कार्यक्रम स्विकृत सम्बन्धमा

प्रस्ताव नं. ७ विनियोजन ऐनमा भएका कार्यक्रम स्विकृत सम्बन्धमा छलफल गर्दा तपसिलका क्षेत्रका कार्यक्रमहरु सम्बन्धीत क्षेत्रमा कार्य गर्ने कर्मचारीहरु मार्फत पेश भएको विस्तृत कार्यक्रम लाई संसोधन सहित स्विकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

**संकेत नं./विषयगत शिर्षक: २०६० लैगिक समानता तथा सामाजिक समावेशीकरण** रु. हजारमा

| क्र.सं. | कार्यक्रमआयोजनाको नाम/ | कार्यान्वयन हुने स्थान | विनियोजन रु. | कैफियत |
|---|---|---|---|---|
| १ | महिला विकास जागृति कार्यक्रम | बकैया गा पा | ५०० | |
| २ | महिला विकास कार्यक्रम | बकैया गा पा | १००० | |
| **जम्मा** | | | **१५००** | |

## ८.खर्च सम्बन्धी निर्णय तथा कार्यविधी सम्बन्धमा

प्रस्ताव नं. ८ खर्च सम्बन्धी निर्णय तथा कार्यविधि सम्बन्धमा छलफल गर्दा तपसिलका खर्चको खर्च सम्बन्धी कार्यविधि स्विकृति गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

# बकैया गाउँपालिकाको
# खर्च सम्बन्धी निर्णय र कार्यविधि, २०७४

प्रचलित ऐन नियममा खर्चको मापदण्ड तोकिएकोमा सोही बमोजिम गर्ने नतोकिएकोमा देहाय बमोजिम खर्च गर्नका लागि यो मापदण्ड तयार पारिएको छ ।

१. **गाउँ सभाको बैठक भत्ता :** स्पष्ट विषयवस्तु र कार्ययोजना बमोजिम गाउँ सभाको अध्यक्षको अध्यक्षतामा गर्ने गाउँ सभाको बैठकका पदाधिकारी तथा सचिव र बढीमा ४ जना सहयोगी कर्मचारीलाई प्रति बैठक रु १,००० बैठक भत्ता र खाजा नास्ता खर्च वापत रु २०० दिन सकिनेछ ।

२. **गाउँ कार्यपालिकाको बैठक भत्ता :** स्पष्ट विषयवस्तु र कार्ययोजना बमोजिम गाउँ कार्यपालिकाको अध्यक्षको अध्यक्षतामा गर्ने गाउँ कार्यपालिकाको बैठकका पदाधिकारी तथा सचिव र १ जना सहयोगी कर्मचारीलाई प्रति बैठक रु १,००० बैठक भत्ता र खाजा नास्ता खर्च वापत रु २०० दिन सकिनेछ ।

३. **वडा समितिको बैठक भत्ता :** स्पष्ट विषयवस्तु र कार्ययोजना बमोजिम वडाध्यक्षको अध्यक्षतामा गर्ने वडा समितिको बैठकका पदाधिकारी र सचिवलाई प्रति बैठक रु १,००० बैठक भत्ता र खाजा नास्ता खर्च वापत रु २०० दिन सकिनेछ ।

४. **खाजा/खाना खर्च :** अतिरिक्त समयमा गरिने काम र सोबाट प्राप्त हुने नतिजा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणीत गराई नियमित काम बाहेक विशेष कामको लागि दैनिक २ घण्टा भन्दा बढी अतिरिक्त समय काम गर्ने कर्मचारीलाई खाजा/खाना खर्च वापत प्रति २ घण्टाको रु २५० दिन सकिनेछ । तर सार्वजनिक विदाको काम गरे वापत खाजा/खाना खर्चको लागि रु. ५०० उपलब्ध गराइनेछ ।

५. **परिवहन खर्च :** परिवहन खर्च वापत बकैया गाउँपालिकाको वडा नं. १,१०,११,१२ को वडामा बैठकमा सहभागी हुने प्रतिनिधीहरुलाई आतेजाते वापत पारवाहन खर्च रु. ४०० र वडा नं. २,८,९ बाट बैठकमा सहभागी हुने प्रतिनिधीहरुलाई आतेजाते वापत पारवाहन खर्च रु. २०० दिन सकिनेछ । अन्यलाई पारवाहन खर्च उपलब्ध गराइनेछैन ।

६. **सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तथा भ्रमण खर्च :** गाउँपालिकाको स्विकृत कार्यक्रम अनुसार सञ्चालन हुने तालिम, गोष्ठी, सेमिनार लगायतका कार्यक्रममा गरिने खर्चको मापदण्ड तल दिइएको छ । सो मापदण्डलाई आधार लिई खर्च गर्नुपर्नेछ । सो देखि बाहेकका विषयहरु र उल्लिखित दरभन्दा अधिक दरमा खर्च गर्नु परेमा गाउँ कार्यपालिकाको पूर्व स्विकृति लिएर मात्र गर्नु पर्नेछ ।

| क्रसं. | विवरण | गाउँ स्तर | वडा स्तर | कैफियत |
|---|---|---|---|---|
| १ | **श्रोत व्यक्तिरूप्रशिक्षक पारिश्रमिक** | | | □एउटा कक्षा कम्तीमा १.५ घण्टाको हुनुपर्दछ। □कार्यपत्र भन्नाले कम्तिमा ७५० शब्दको प्रवन्ध सम्झनुपर्दछ । प्रस्तुतिकरण प्रयोजनका लागि तयार पारिएको अरु त्यस्तै सामग्रीको छायाँप्रति मान्य हुनेछैन। |
| | क. कार्यपत्ररूज्बलमकयगत वापत | ८०० | ७०० | |
| | ख. कक्षा सञ्चालन वापत | ७०० | ६०० | |
| | ग. खाना बस्न (वास खर्च ) | दै.भ्र. नियमानुसार | दै.भ्र. नियमानुसार | |
| २ | गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशाला, तालिम, उद्घाटन, समापनमा खाजारूसहभागि खाजा (प्रति व्यक्ति प्रति दिन) | १५० | १०० | □ संयोजक, श्रोत व्यक्ति, प्रतिवेदक र सहयोगी कर्मचारी समेत |
| ३ | मसलन्द (तालिम, गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशालाका लागि) | | | □ प्रशिक्षण कार्यको मसलन्द अन्तर्गत बोर्डमार्कर, पारदर्शक पाना, कार्यपत्रको छायाँप्रति, मेटाकार्ड, मास्किङ टेप इत्यादि । |
| | क. सहभागीको लागी प्रति सहभागी (७ दिनका लागि ) | १०० | ५० | |
| | ख. प्रशिक्षण कार्यकाको लागि (प्रति कार्यक्रम) | १५०० | १००० | |
| ४ | संयोजक भत्ता (प्रति दिन) | ४०० | ३०० | □ एक कार्यक्रममा एक जना संयोजकलाई कार्यक्रमको प्रतिवेदन बुझाएपछी र दुई जनासम्म सहयोगीलाई भत्ता दिन सकिनेछ । □ संयोजक तालिम अवधिमा विदा बसेमा भत्ता नपाउने र संयोजकको काम सहयोगीले गरे वापत संयोजकले पाउने भत्ता सहयोगीले पाउनेछैन । |
| ५ | सहयोगी भत्ता (प्रति दिन) दुई जना सम्मका लागि | १५० | १५० | |
| ६ | विविध (प्रमाणपत्र, पानी, सरसफाई, तुल इत्यादिको लागि) | | | |
| | क. ७ कार्य दिनसम्म प्रति कार्यक्रम | १००० | ५०० | |
| | ख. ३० कार्य दिनसम्म प्रति कार्यक्रम | १५०० | ७५० | |
| | ख. ३० कार्य दिनभन्दा बढी प्रति कार्यक्रम | २००० | १००० | |
| ७ | प्रशिक्षार्थी आवास खर्च (दैनिक भ्रमण भत्ता नपाएको खण्डमा खाजा खाना खर्च उपलब्ध गराउने) | ५०० | ३०० | |
| ८ | तालिम सुविधा (तालिम कक्ष र भाडामा लिनुपर्ने उपकरणको भाडा) प्रति दिन | १५०० | १००० | आवस्यक भएमा मात्र खर्च गर्ने |
| ९ | प्रतिवेदकको पारिश्रमिक (सम्मेलन गोष्ठी कार्यशाला ) प्रति दिन | | | प्रतिवेदकको पारिश्रमिक प्रतिवेदन बुझाएपछी मात्र दिनुपर्नेछ । प्रति कार्यक्रम रु ३,००० भन्दा बढी हुनुहुदैन । साथै तालिम संयोजक र प्रतिवेदक एकै व्यक्ति भएमा अतिरिक्त पारिश्रमिक र खाजारूखाजा खर्च दोहोरो |
| | क. एक दिनको कार्यक्रमको लागी | १००० | १००० | |
| | ख. एक दिन भन्दा बढीको कार्यक्रम भए अतिरिक्त थप | ५०० | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| | ग· खाना बस्न (वास खर्च ) | दै·भ्र· नियमानुसार | दै·भ्र· नियमानुसार | सुविधा पाइने छैन । |
| १० | सहभागी यातायात खर्च प्रति व्यक्ति प्रति दिन | २०० | १५० | तालिमका सहभागीहरुलाई यातायात खर्च वापत |

७. **<u>योजना तर्जुमा, अनुगमन, निरिक्षण, समिक्षा तथा अन्तक्रिया जस्ता कार्यक्रम खर्च :</u>** गाउँपालिकाको योजना अनुगमन, निरिक्षण, समिक्षा तथा अर्न्तक्रिया जस्ता कार्यक्रममा सहभागि हुने पदाधिकारी तथा कर्मचारीहरु निम्नानुसारको भत्ता तथा अन्य खर्च गर्न सकिनेछ ।

| क्र·सं· | विवरण | गाउँ स्तर | वडा स्तर | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँपालिकाका पदाधिकारी र सदस्य दैनिक भत्ता | १००० | १००० | |
| २ | संयोजक भत्ता (एकमुष्ट) | १००० | १००० | |
| ३ | कर्मचारी (अधिकृत स्तर) | ८०० | ८०० | |
| ४ | कर्मचारी (सहायक स्तर) | ७०० | ७०० | |
| ५ | कर्मचारी (कार्यालय सहयोगी) | ४०० | ४०० | |
| ६ | सवारी साधन विल अनुसार | | | सरकारी साधन प्रयोग गरे नपाउने |
| ७ | चिया नास्ता प्रति व्यक्ति | १५० | १०० | |
| ८ | मसलन्द खर्च प्रति व्यक्ति | १०० | ५० | |
| ९ | प्रतिवेदकको पारिश्रमिक (प्रति दिन) | १००० | ५०० | प्रति कार्यक्रम बढीमा रु ३००० सम्म खर्च गर्न सकिने |

नोटः- यसका अतिरिक्त अन्य खर्चहरु अर्थ मन्त्रालयले तोकेको मापदण्डलाई आधार लिई खर्च गर्न सकिनेछ।

**आज मिति २०७४ साल असोज २० गतेको बैठक विहान ११:३० बजे शुरु भई ४:१५ बजे सम्पन्न गरियो ।**